# निर्माणात्मक मूल्याङ्कनले शैक्षिक उपलब्धिमा पार्ने प्रभाव

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय पाठ्यक्रम तथा मूल्याङ्कन
विभाग स्नातकोत्तर तह (एम.एड.) दोस्रो वर्षको आंशिक
आवश्यकता पूरा गर्न प्रस्तुत शोधपत्र


शोधकर्ता
बेञ्जु रावल
एम.एड.दोस्रो वर्ष
त्रि.वि.द.नं. ९-१-२४०- ४९६-९९
परीक्षा सि.नं. २४०००२ (२०६६)



त्रिभुवन विश्वविद्यालय पाठ्यक्रम तथा मूल्याङ्कन विभाग
सप्तगण्डकी बहुमुखी क्याम्पस
भरतपुर, चितवन
२०७०

# कृतज्ञता

त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र सङ्काय पाठ्यक्रम र मूल्याङ्कन विभाग अन्तर्गत एम.एड। दोस्रो वर्षको आंशिक आवश्यकता पूरा गर्नका लागि निर्माणात्मक मूल्याङ्कनले शैक्षिक उपलब्धिमा पार्ने प्रभाव नामक यो शोधपत्र तयार पारिएको छ ।

शोधपत्र तयार गर्ने क्रममा जुनसुकै अवस्थामा आफ्नो अमूल्य समय दिनु भई आवश्यक सरसल्लाह, मार्गदर्शन र निर्देशन प्रदान गर्नु हुने आदरणीय गुरु तथा यसै क्याम्पसका उपप्रध्यापक होमनाथ सापकोटाज्यू प्रति हृदय देखि नै आभार व्यक्त गर्दछु । त्यसैगरी शोधकार्यलाई मूर्तरुप दिन हरसम्भव प्रयास गर्नुहुने आदरणीय गुरु तथा यसै क्याम्पसका विभागीय प्रमुख कुवेरनाथ शर्माप्रति कृतज्ञ छु । शोधकार्य सञ्चालन गर्नु पूर्व अभिमुखीकरण कार्यक्रम सञ्चालन गरी विभिन्न जानकरी तथा निर्देशन दिनुहुने सम्पूर्ण गुरुहरुप्रति कृतज्ञ छु ।

यस शोधपत्र तयार गर्ने क्रममा आवश्यक तथ्याङ्कहरु संकलनमा सहयोग गर्नु हुने,छनोटमा परेकोसम्बन्धित विद्यालयका प्रधानाध्यापक, शिक्षकहरु, वि.व्य.स. पदाधिकारीहरु तथा विद्यार्थीहरु प्रति धन्यवाद व्यक्त गर्दछु ।

यस शोधपत्र तयार पार्ने कार्य प्रति आवश्यक सरसल्लाह र सहयोग गर्नु हुने सम्पूर्ण आफन्तजन, सहपाठी साथीहरु र कम्प्यूटर टाइप गरी समयमा नै कम्प्यूटर प्रिन्ट गरी सहयोग गर्ने न्यू मनकामना डेस्कटप तथा फोटोकपी सेन्टरका हरि प्साद शर्मा (सुवेदी) प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।



**वेञ्जु रावल**

**सप्तगण्डकी बहुमुखी क्याम्पस**

**स्नातकोत्तर तह दोस्रो वर्ष**

## शोधसार

यो शोधपत्र निर्माणात्मक मूल्याङ्कनले शैक्षिक उपलब्धिमा पार्ने प्रभाव शीर्षकमा तयार गरिएको छ । यस अध्ययनको उद्देश्य सामुदायिक विद्यालयहरुमा निर्माणात्मक मूल्याङ्कनले शैक्षिक उपलब्धिमा पार्ने प्रभावको विश्लेषण गरी यसको समाधानका उपायहरु सुझाउनु रहेको छ । यस अध्ययन गुणात्मक प्रकृतिको भएतापनि यसलाईि यथार्थ, वस्तुगत र प्रमाणिक बनाउनका लागि सम्बन्धित विद्यालयको स्थलगत भ्रमण गरेर सम्बन्धित सरोकारवालाहरुसँग प्रत्यक्ष भेटघाट गरी प्रश्नावली, अवलोकन, समूह  छलफल आदिका माध्यमबाट तथ्याङ्क संकलन गरीएको छ ।

अध्ययन क्षेत्रमा रहेका विद्यालयहरुमा गरिएको अध्ययन र विश्लेषणबाट आएका यस शोधका मुख्य प्राप्तीहरुमा परीक्षालाई आधार मानी मूल्याङ्कन गर्ने, विद्यालयहरुले आफ्नो मूल्याङ्कन प्रक्रियामा सुधार गरी विविध मूल्याङ्कन साधनहरुको प्रयोग गरी मूल्याङ्कन गर्ने परीपाटी विकास गर्नु पर्दछ, विद्यार्थीहरुका मूल्याङ्कनको विविध साधनको प्रयोग गर्न शिक्षकहरुमा तालिमको आवश्यकता देखिन्छ, धेरै विद्यार्थी भएका कक्षाहरुमा निरन्तर मूल्याङ्कन गर्न समयको अभाव, शिक्षकहरुको साप्ताहिक कार्यभार बढी रहेको जसले गर्दा शैक्षिक उपलब्धि कम रहेको पाइएको छ ।

यस अध्ययनमा प्राप्त भएका समस्या सामानधका लागि कक्षाकार्य र गहृकार्यको नियमित परीक्षण गरी आवश्यक पृष्ठपोष्ण दिनुपर्ने देखिन्छ । विद्यार्थीहरुमा सैद्धान्तिक ज्ञान भन्दा व्यहारिक ज्ञानमा जोड दिइ सोही बमोजिमको मूल्याङ्कन प्रक्रिया अपनाउन आवश्यक देखिन्छ, विद्यार्थी मूल्याङ्कन अभिलेखहरु व्यवस्थित राख्नु पर्ने देखिन्छ, शिक्षकहरुमा पुर्नताजगी तालिमको व्यवस्था, विद्यार्थी शिक्षकको अनुपात मिलाउन शिक्षकहरु थप्नु पर्ने देखिन्छ जसका लागि वि.व्य.स. मार्फत जि.शि.का., शिक्षा मन्त्रालय, राष्ट्रिय तथा अन्तराष्ट्रिय दातृ नियकाहरुसँग आवश्यक समन्वय गरी व्यवस्था मिलाउनु पर्ने देखिन्छ र निर्माणात्मक मूल्याङ्कन पद्धतिलाई राम्रो बनाउन प्र.अ., श्रोत व्यक्ति र वि.नी.हरुले निर्माणात्मक मूल्याङ्कनसँग सम्बन्धित अभिलेखहरुको बेला बेलामा अनुगमन तथा निरीक्षण गर्नु पर्ने देखिन्छ ।

शैक्षिक संस्थाहरुमा शैक्षिक सत्रको शुरुदेखि अन्त्यसम्म विभिन्न किसिमका मूल्याङ्कन प्रक्रिया अपनाइन्छ जसले विद्यार्थीहरुको स्तर निर्धारण गर्ने, उसको कमिकमजोरी पत्ता लगाउने, कठिनाइहरुमा सघाउ पुऱ्याउने कार्य गर्दछ । मूल्याङ्कन प्रक्रियाले शिक्षण सिकाइ क्रियाकलापमा अपनाइएका शिक्षण विधि, सामग्री र क्रियाकलापहरु समेतको प्रभावकारिता सम्बन्धमा आवश्यक जानकारी प्राप्त हुन्छ । फलस्वरुप कुन पक्षमा कस्तो खालको सुधारात्मक उपायहरु अपनाउनु पर्ने हो, यसको लागि कस्तो खालको पृष्ठपोषण आवश्यक हुन्छ, त्यो बारेमा सबै ज्ञान हुन्छ । तसर्थ विद्यार्थी मूल्याङ्कनका साधनहरु प्रयोग गर्नु फलदायी हुनेछ भन्ने अपेक्षा राखेको छु ।

# विषयसूचि


**परिच्छेद - एक**

**परिचय** १-७

१.१ अध्ययनको पृष्ठभूमि १

१.२ समस्याको कथन ४

१.३ अध्ययनको औचित्य ५

१.४ अध्ययनको उद्देश्य ६

१.५ अनुसन्धानात्मक प्रश्नहरु ६

१.६ अध्ययनका परिसिमाहरु ६

**परिच्छेद - दुई** ८-१४

**सम्बन्धित साहित्यको सिंहावलोकन र सैद्धान्तिक खाका** ८

२.१ सम्बन्धित साहित्यको सिंहावलोकन ८

२.२ अध्ययनको सैद्धान्तिक खाका १२

२.३ शैक्षिक उपादेयता १५

**परिच्छेद - तीन** १६-२०

**अध्ययन विधि** १६

३.१ अनुसन्धानको ढाँचा १६

३.२ जनसंख्या र नमूना छनौट १७

३.३ तथ्याङ्कका स्रोतहरु १८

३.४ अध्ययन साधनको निर्माण र वैद्यता १८

३.५ तथ्याङ्क संकलन प्रक्रिया १९

३.६ तथ्याङ्क व्याख्या र विश्लेषण १९

**परिच्छेद - चार** २१-३८

**तथ्याङ्कको व्याख्या तथा विश्लेषण** २१

४.१ विद्यालयहरुमा निर्माणात्मक मूल्याङ्कनको अवस्था २१

४.२ निर्माणात्मक मूल्याङ्कन पद्धतिका तत्वहरु २५

४.३ निर्माणात्मक मूल्याङ्कन पद्धतिका वर्तमान समस्याहरु ३१

४.४ निर्माणात्मक मूल्याङ्कन पद्धतिमा देखिएका समस्या समाधानका उपायहरु ३४

४.५ प्राप्तीको सारांश ३७

**परिच्छेद - पाँच** **३९-४२**

**निष्कर्ष र सुझाव** **३९**

५.१ निष्कर्ष ३९

५.२ सुझावहरु ४०

**सन्दर्भ सामग्री**

**अनुसूचिहरु**

# तालिका सूची


| क्र.सं. | विवरण | पेज नं. |
|---|---|---|
| १. | उत्तरदाताहरु | १६ |
| २ | जनसंख्या नमूना | १७ |
| ३ | विद्यालयहरुमा निर्माणात्मक मूल्याङ्कनको अवस्था | २२ |
| ४ | निर्माणात्मक मूल्याङ्कनका लागि विविध साधनको राम्रो प्रयोग गर्ने विद्यालयको नतिजा (कंकाली मा.वि.) | २३ |
| ५ | निर्माणात्मक मूल्याङ्कनका लागि विविध साधनको राम्रो प्रयोग गर्ने विद्यालयको नतिजा (जन जीवन उच्च मा.वि.) | २४ |
| ६ | निर्माणात्मक मूल्याङ्कनका लागि विविध साधनको कम प्रयोग गर्ने विद्यालयको नतिजा (जनएकता मा.वि.) | २४ |
| ७ | शिक्षक विद्यार्थी अनुपात | २६ |
| ८ | शिक्षक विद्यार्थीको उपस्थिति | २७ |
| ९ | निर्माणात्मक मूल्याङ्कन पद्धतिमा देखिएका समस्या समाधानका उपायहरु | ३६ |

# संक्षिप्त शब्द सूचि

| | | |
|---|---|---|
| उ.मा.वि. | : | उच्च माध्यमिक विद्यलाय |
| गा.वि.स. | : | गाउँ विकास समिति |
| जि.शि.अ. | : | जिल्ला शिक्षा अधिकारी |
| जि.शि.का. | : | जिल्ला शिक्षा कार्यालय |
| प्र.अ. | : | प्रधानाध्यापक |
| मा.वि. | : | माध्यमिक विद्यालय |
| वि.सं. | : | विक्रम संवत |
| वि.नि. | : | विद्यालय निरीक्षक |
| वि.व्य.स. | : | विद्यालय व्यवस्थापन समिति |
| शि.अ. सं. | : | शिक्षक अभिभावक संघ |